का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ जेठ २०८०,
बिहीबार
18 May 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २१, अंक ११२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नक्कली शरणार्थी प्रकरण

# कांग्रेसमा प्रष्ट दुई धार



बालकृष्ण खाँण अनुसन्धानमा तानिएपछि कांग्रेस नेताहरु खाँणको बचाउ र दोषी भए बोक्न नसकिने भनी दुई धारका रुपमा देखा परेका हुन् ।



**नक्कली भुटानी शरणार्थी प्रकरणले विश्व समुदायसामु देशको शिर निहुरिएको छ। यसमा संलग्न जुनसुकै तहको जो कोही भए पनि सजाय दिनुपर्दछ।**

**डा. शेखर कोइराला**
नेता, कांग्रेस



**पार्टीमा क्रियाशील कुनै व्यक्ति भ्रष्टाचार वा अपराधमा संलग्न हुन सक्छ। तर थाहा भएको दिन पार्टीले त्यसको भारी बोक्न सक्दैन, बोक्नु हुँदैन।**

**गगन थापा**
महामन्त्री, कांग्रेस



**उहाँ (बालकृष्ण खाँण)ले आफू निर्दोष भएको प्रमाणित गर्ने बताउनुभएको छ। त्यसैले खाँणजीको सन्दर्भमा पार्टीले कुनै निर्णय नगरेको हो।'**

**डा. प्रकाशशरण महत**
प्रवक्ता, कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ जेठ ।

नक्कली भुटानी शरणार्थी प्रकरणलाई लिएर कांग्रेस नेताहरु दुई धारका रुपमा देखा परेका छन् । खासगरी वालकृष्ण खाँण अनुसन्धानमा तानिएपछि कांग्रेस नेताहरु खाँणको बचाउ र दोषी भए बोक्न नसकिने भनी प्रष्ट रुपमा दुई धारका रुपमा देखा परेका हुन् ।

कांग्रेस भित्रको दुई धारलाई कांग्रेसका महामन्त्री गगन थापाले मंगलबार गरेको एउटा ट्वीटले अझ प्रष्ट रुपमा सार्वजनिक गरिदिएको छ । नक्कली नक्कली भुटानी शरणार्थीमा पक्राउ परेकाहरुको भारी पार्टीले बोक्न नहुने उनको भनाइ छ ।

'पार्टीका कतिपय साथीहरूबाट नेपाली कांग्रेसको यस्तो परम्परा नभएको भन्ने विचार पनि आएका छन् । यसमा पनि »» पृष्ठ २ मा

■ ओलीको टिप्पणी

## कांग्रेसलाई राजनीतिक भन्न मन लाग्दैन

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसप्रति गम्भीर टिप्पणी गरेका छन् ।

३१ औं मदन-आश्रित स्मृति दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले कांग्रेसलाई राजनीतिक »» पृष्ठ २ मा

■ मानो रोपौं, मुरी फलाऔं,
■ खेतीयोग्य जमिन बाँझो नछाडौं,
■ पसिना बगाऔं, समुन्नत बनौं,
■ आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कछुवा गतिमा फास्ट ट्र्याक

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ जेठ ।

देशभरकै निर्माणाधीन आयोजना सुस्त बनिरहँदा राष्ट्रिय गौरवको परियोजना मानिएको काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) को काममा थप ढिलाई भएको छ । चार वर्षभित्र सक्ने भन्दै २०७४ जेठ १४ निर्माण थालिएको द्रुतमार्गको दुइपटक म्याद थप भईसकेको छ । ४ वर्षमा आयोजना सकिन नदेखिएपछि सरकारले उक्त परियोजनाको म्याद थपेर मंसिर २०८१ सम्म पुर्‍याएको थियो । तर, सो म्यादमा पनि काम नसकिने देखिएपछि मन्त्रिपरिषद्ले आयोजनाको म्याद २०८३ चैतसम्म थप्ने निर्णय गरिसकेको छ ।

तथ्यांक नै हेर्ने हो भने पनि उक्त परियोजनामा हालसम्म २२.४७ प्रतिशतमात्रै भौतिक प्रगति भएको छ । एक चौथाइ काम सकिन ६वर्षको हाराहारी लागेको उक्त आयोजना कहिलेसम्म सकिन्छ भन्नेमा प्राविधिकहरु नै जानकार छैनन् । २०८३ सालसम्म पनि आयोजना सकिने सम्भावना नभएको सेनाका एक प्राविधिकले बताए ।

द्रुतमार्गको काम अति सुस्त छ । मकवानपुरको महादेवडाँडा, धेद्रे र लेनडाँडामा बनिरहेको सुरुङको काम अति सुस्त छ । द्रुतमार्गमा साना, ठूला गरी ८७ वटा पुल बनाउनुपर्नेछ । द्रुतमार्गको १०.५९ प्रतिशत खण्डमा सुरुङ र ६.४१ प्रतिशतमा पुलहरु बन्नुपर्छ । खोकनामा प्रस्थानविन्दुको विवाद कायमै छ । कसरी बन्ला र ४ अबको वर्षभित्र ?' उनले भने । साथै खोकनावासीले प्रस्थाविन्दु नै परिवर्तन गर्न माग गरेको र काम गर्न समेत नदिदाँ थप ढिला हुने उनको बुझाई छ ।

परियोजनाको जग्गा अधिग्रहण, रुख कटान र डिजाइन लगायत कुनै पनि पूर्ण रुपमा सकिएको छैन । त्यस्तै, ढुंगा-माटो कटिङ, फिलिङ मेसिनरी स्ट्रक्चर, रिटेनिङ वाल, बक्स कल्भर्ट, ग्याबिन, पाइप तथा कल्भर्टको लगायतका काम पनि अति सुस्त देखिएको छ । '२०७८ जेठमा ठेक्का लागेको हुनाले निर्माणकार्य सोही अवधिबाट सुरु भएको हो, अब निर्माणको लागि सहजसँग जग्गा पाउनुपर्‍यो, अनि काम अघि बढ्छ,' परियोजनाका प्रवक्ता कृष्ण भण्डारीले भने । उनले पछिल्लो ४ वर्ष पूर्वतयारीमै समय गएको दाबी गरेका छन् ।

२०४९ सालमा सम्भाव्यता अध्ययन भएको यो आयोजनाको ट्र्याक खोल्ने काम ०७० मा नेपाली सेनाले नै गरेको थियो । काठमाडौंलाई तराई-मधेशसँग एक घण्टाको दूरीमा ल्याएर वीरगञ्ज नाकाबाट धेरै फाईदा लिने उद्देश्यले द्रुतमार्गको निर्माण सुरु गरिएको थियो । तर, आयोजना सम्पन्न हुनेसमयसम्म पनि सेनाले पूर्वतयारी बाहेक उल्लेख्य प्रगति हासिल गर्न सकेको छैन । बरु, राजनीतिक नेतृत्व पनि औपचारिक भ्रमण गर्ने तर, काममा प्रगति नभएकोमा कुनै एक्सन लिन सकिरहेकै छैन । जसले गर्दा द्रुतमार्ग जस्तै विभिन्न गौरवका आयोजना र निर्माणकार्य थप अलपत्र पर्दै आईरहेका छन् ।

# भ्रष्टाचारको जग पुँजीवाद !

मुलुकमा भ्रष्टाचार व्याप्त रहेको र विभिन्न ठूला ठूला भ्रष्टाचारका काण्डहरु बाहिर आइरहेको उल्लेख गर्दै प्रा. डा. संग्रौलाले नवउदारवादी पुँजीवादी व्यवस्थाका कारण भ्रष्टाचार मौलाएको बताएका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ जेठ ।

तराई विकास तथा सञ्चार केन्द्र नेपालले बुधबार राजधानीमा 'सुशासन प्रवर्द्धनमा नागरिकको भूमिका' विषयक कार्यक्रम राखेको थियो ।





नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउने प्रकरणमाथिको अनुसन्धान चलिरहेको पृष्ठभूमिमा भएको कार्यक्रमको उदेश्य पनि भ्रष्टाचारको कारण र भ्रष्टाचार न्युनीकरणको उपायको खोजी गर्नु थियो ।

कार्यक्रममा अतिथि र वक्ताहरू थिए - महालेखा परीक्षक टंकमणि शर्मा, पूर्वमहान्यायाधिवक्ता समेत रहेका प्राध्यापक डा. युवराज संग्रौला, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख सूर्यनाथ उपाध्याय, नेपाल सरकारका पूर्व मुख्यसचिव लीलामणि पौडेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव रामेश्वर दंगाल, राष्ट्रिय सतर्कता केन्द्रका सचिव सुरेश आचार्य, ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रमुख पदमिनि प्रधानाङ्ग लगायत । उनीहरुमध्ये अधिकांशको निचोड थियो - भ्रष्टाचारका धेरै »» पृष्ठ २ मा

## टंकमणिले सुझाए दुई सुत्र



उपप्रधानमन्त्री, गृहमन्त्री भइसकेका व्यक्ति र बहालवाला सचिव नै पक्राउ परेपछि भ्रष्टाचारको अवस्था उदांगो भएको भन्दै तराई विकास तथा सञ्चार केन्द्र नेपालले भ्रष्टाचार तथा अनियमितताको जड के हो ? कसरी समाधान गर्न सकिन्छ भन्ने उदेश्यका साथ »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

शाखा मर्जले वैदेशिक रोजगार कार्यालय ताहाचल अस्तव्यस्त

# अनलाइनको नाममा कर्मचारीकै तजबिजी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

वैदेशिक रोजगार कार्यालय ताहाचलमा श्रम स्वीकृति दिने विभिन्न देशका शाखाहरू एकीकृत (मर्ज) भएपछि अवस्था भद्रगोल भएको गुनासो बढेको छ। ताहाचल कार्यालयमा व्यवसायीहरूलाई दुःख दिने नियतले एउटै फाइल पटक-पटक रिजेक्ट गर्ने कतिपय अवस्थामा मोलतोल गर्ने र कुरा मिलेमात्र एप्रुभ गरिदिने गरिएको एक व्यवसायीले मध्यान्हसँग गुनासो गरे ।

खासगरी पछिल्ला दिनमा वैदेशिक रोजगारमा मलेसिया जाने कामदारको मेडिकलसम्बन्धी समस्या बढेको छ । विगतमा मलेसिया मेडिकल समस्याको समाधान भइसके पनि त्यसमा निहुँ खाजेर 'मिलाउनुपर्छ' भन्दै अप्रत्यक्षरूपमा रकमको मोलतोल गरेर दुःख दिइने गरेको नाम गोप्य राख्न आग्रह गर्दै एक व्यवसायीले गुनासो गरे । उनले भने, 'शाखा मर्ज भएपछि काम गर्न सहज हुने विश्वास थियो, तर ठीक उल्टो भइरहेको छ ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ताहाचल र पुलिस ब्यूरो समस्या समाधान समितिका संयोजक एवम् संघका द्वितीय उपाध्यक्ष सञ्जु गुरुङले शाखाहरू मर्ज भएपछि ताहाचलको सेवा प्रवाहमा समस्या देखिएको र गुनासो गर्ने क्रम बढेको बताए ।

श्रम स्वीकृतिका पासपोर्ट रिसेट सामान्य विषय भएपनि त्यसका लागि दर्जनौं पटक अनुरोध पठाउनुपर्ने अवस्था उत्पन्न भएको भन्दै उनले भनसुन नगरेसम्म काम हुन छोडेको बताए । व्यवसायीको गुनासो लिएर आफूले कार्यालय प्रमुखलाई भेट गरेर छलफल गर्ने योजना बनाएको जानकारी दिँदै उनले कर्मचारी नयाँ भएकाले समेत समस्या समाधानमा ढिलाइ गर्न नहुने बताए । भनेको समयमा श्रम स्वीकृति नपाउँदा वैदेशिक रोजगारीमा जान काठमाडौं आएका कामदारको बसाइ लम्बिने र उनीहरूको खर्च अनावश्यकरूपमा बढ्ने उनले बताए ।

वैदेशिक रोजगार कार्यालयका एक कर्मचारीले रोजगारीका लागि मलेसिया जाने कतिपय कामदारको स्वास्थ्य »» पृष्ठ २ मा

Urgent VACANCY
ANNOUNCEMENT

एक प्रतिष्ठित वैदेशिक रोजगार कम्पनीलाई तपसिल बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त आफ्नो बायोडाटा, शैक्षिक प्रमाणपत्रहरु तथा एकप्रति फूलसाइजको फोटोसहित निम्न WhatsApp Number मा दरखास्त दिनुहोला ।

WhatsApp Number: 9801012690

PRO (Public Relation Officer)- 2 (M/F)
तीन बर्ष वा सो भन्दा माथिको अनुभव प्राप्त तथा सम्बन्धित काममा दक्ष र उमेर २५ बर्ष भन्दा माथिको हुनुपर्नेछ ।

Front Desk Officer/ Cum Documentation -2(F)
१०+२ वा सो भन्दा माथि शैक्षिक योग्यता र कम्प्युटर सम्बन्धी राम्रो दक्षता भएको र उमेर २० बर्षदेखि ३० बर्षसम्म हुनुपर्नेछ ।

श्रम इजाजत नं. ६३९/०६३/०६४
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : cvanjalioverseas@gmailcom

# कामीरिताको विश्व कीर्तिमान

मध्यान्ह संवाददाता
काठमाडौं, ३ जेठ



कीर्तिमानी आरोही कामीरिता शेर्पाले २७ औं पटक सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेर आफ्नै विश्वकीर्तिमान तोडेका छन् ।

वसन्त ऋतुको यो यामको जारी आरोहणमा बुधबार बिहान साढे ८ बजे सगरमाथाको चुचुरोमा पुगेर शेर्पाले यसअघि २६ पटकको रेकर्ड तोडेका हुन् ।

सेभेन समिट ट्रेक्स प्रालिबाट आरोहणमा गएका कामीरिताले आफ्नै विश्व कीर्तिमान तोडेर विश्वलाई सुरक्षित आरोहणको सन्देश दिएका छन् । सगरमाथाको आधार शिविरमा रहनुभएका इमाजिन नेपाल ट्रेक्स एण्ड एक्सिपीडिसन कम्पनीका प्रबन्ध निर्देशक मिङ्मा ग्याल्जेन शेर्पाका अनुसार कामीरिताको विश्व कीर्तिमान कायमसँगै यो याममा हालसम्म एक सयभन्दा बढी आरोहीले सगरमाथा आरोहण गरिसकेका छन् । झण्डै एक सय आरोही यतिखेर सगरमाथाको हिलारी स्टेपभन्दा माथितिर लामबद्ध छन् । पर्यटन विभागका निर्देशक युवराज खतिवडाले कामीरिता शेर्पाले सगरमाथा आरोहणमा विश्व कीर्तिमान बनाएको बताए । खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको थामेका ५३ वर्षीय कामिरिताले सबैभन्दा धेरै पटक सगरमाथा आरोहणसँगै आठ पटक चोयु, ती पटक मनास्लु, एक पटक ल्होत्से, केटु आरोहण एक गरी ३९ पटक विश्वका अग्ला हिमालको आरोहण गरिसकेका छन् । यसैगरी यति समूहका अध्यक्ष लाक्पा सोनाम शेर्पाले सगरमाथाको आरोहण गरेका छन् । शेर्पा बुधबार बिहान सगरमाथाको चुचुरोमा पुगेका थामसेर्कु ट्रेकिङ कम्पनीले जनाएको छ । यस वर्षको वसन्त ऋतुको आरोहण गत वैशाख ३० गतेबाट शुरु भएको थियो । सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा इमाजिन नेपाल ट्रेक एन्ड एक्सपिडिसन कम्पनीले पाएको थियो ।

**कांग्रेसमा...**

म प्रष्ट छु- गलत परम्परा तोडिनुपर्छ। परम्पराका नाममा घातक प्रवृत्तिलाई पार्टीले बोक्न सक्दैन, बोक्नु हुँदैन' मंगलबार साँझ महामन्त्री थापाले ट्वीट गरेका छन् । भ्रष्टाचारविरुद्धको अभियान र नक्कली भुटानी शरणार्थी प्रकरणबारे आफ्नो धारणा सार्वजनिक गर्दै उनले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका व्यक्तिको निजी विषय रहेको बताएका हुन् । महामन्त्री थापाले मुद्दा लाइसकेपछि मुद्दाको अन्तिम किनारा नलागेसम्म जुनसुकै तहको जिम्मेवारीमा रहेको व्यक्ति स्वतः पार्टीको जिम्मेवारीबाट अलग रहनुपर्ने र अन्यथा पार्टीले निलम्बन गर्नुपर्ने पनि बताएका छन् ।

पार्टीमा क्रियाशील व्यक्ति कुनै भ्रष्टाचार वा अपराधमा संलग्न भएको थाहा भएपछि पार्टीले त्यसको भार बोक्न नसक्ने बताएका छन्, । 'पार्टीमा क्रियाशील कुनै व्यक्ति भ्रष्टाचार वा अपराधमा संलग्न हुन सक्छ । तर, थाहा भएको दिन पार्टीले त्यसको भारी बोक्न सक्दैन, बोक्नु हुँदैन । पार्टीको तर्फबाट हामीले भन्ने यतिमात्र हो- अनुसन्धान निष्पक्ष हुनुपर्छ, निर्दोष पर्नुहुन्न, दोषीले सजाय पाउनुपर्छ। दोषी र निर्दोष छुट्ट्याउने कानूनी प्रक्रियाबाट हो' महामन्त्री थापाले भनेका छन् ।

त्यसअघि अर्थमन्त्रीसमेत रहेका कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले केन्द्रीय सदस्य खाणलाई निलम्बन नगर्ने प्रस्टीकरण दिएका थिए । त्यसलगत्तै महामन्त्री थापाले साँझ विज्ञप्ति निकालेर आरोप लागेकाले खाणलाई निलम्बन गर्नुपर्ने बताएका हुन् ।

डा महतले पत्रकारहरूसँग निर्दोष दोषी हुने र दोषी निर्दोष हुने अवस्था आउन नहुने बताएका थिए । केन्द्रीय सदस्य खाँणले आफू निर्दोष भएको प्रमाणित गर्ने दाबी गरेको उल्लेख गर्दै उनले भनेका थिए, 'त्यसैले खाणजीको सन्दर्भमा पार्टीले कुनै निर्णय नगरेको हो ।'

नेकपा एमालेका का निलम्बित सचिव एवं तत्कालीन उपप्रधानमन्त्री टोपबहादुर रायमाझी र नेता खाणमाथि लागेको अभियोगको प्रकृति फरक रहेको महतको तर्क छ। अनुसन्धानको निष्कर्ष आएपछि खाँणबारे मात्रै पार्टीको औपचारिक धारणा आउने उनले बताएका छन् । नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले निरन्तर नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न जोकोहीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताउँदै आएका छन् ।

मानव तस्करजस्तो घृणित कार्यमा राज्य नै सञ्जाल खडा गरेर संलग्न हुनुले विश्व समुदायमा देशको शिर निहुरिएको बताउँदै उनले राज्यका जुनसुकै तहका व्यक्ति भए पनि छोड्न नहुने बताएका छन् ।'भ्रष्टाचारले आक्रान्त नेपाली समाजलाई राज्य नै सञ्जाल खडा गरेर मानव तस्करी जस्तो घृणित कार्यमा संलग्न भएको घटनाले विश्व समुदायसामु देशको शिर निहुरिएको छ, हामी लज्जित भएका छौं', उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'तसर्थ राज्यको जुनसुकै तह र तप्काको जो कोहीलाई पनि कानुनको कठघरामा ल्याएर तिनलाई कडा भन्दा कडा सजाय दिनुपर्दछ ।'

**ओलीको...**

भन्न मन नलाग्ने भनी कांग्रेस पार्टी प्रति नै टिप्पणी गरेका हुन् ।

देशलाई अहिलेको स्थितिमा पुऱ्याउनुमा नेपाली कांग्रेस र कांग्रेस नेतृत्वको सत्ता गठबन्धन भएको आरोप ओलीले लगाए । कांग्रेस कर्तव्यविमुख भएको भन्दै ओलीले कांग्रेसलाई राजनीतिक संज्ञा दिन मन नलाग्ने बताएका हुन् ।

'नेपाली कांग्रेस भन्ने एउटा पार्टी छ, हावा न चावा भन्या । कुनै राजनीतिक संज्ञा दिन पनि मन लाग्न छोडिसक्यो । देश यस्तो गम्भीर परि स्थितिमा छ' ओलीले भने, 'एउटा लामो इतिहास बोकेको कांग्रेस किंकर्तव्यविमूढ, भोलि कहाँ जाने केही थाहा छैन जस्तै छ ।'

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरण अगाडि बढाइरहेको सत्ता गठबन्धनको कार्यप्रति मौन रहँदै ओलीले वर्तमान सत्ता गठबन्धन नीति, कार्यक्रम र उद्देश्यविहीन भएको आरोप लगाए । जनताको लागि, सुशासनका लागि र विकासका लागि आफ्नो पार्टी जुनसुकै पार्टीसँग मिल्न सक्ने एमाले अध्यक्ष ओलीको भनाइ रहेको छ ।

**भ्रष्टाचारको...**

कारण छ । पमुख कारण पुँजीवाद हो । कार्यक्रममा बोल्दै पूर्वमहान्यायाधिवक्ता डा. युवराज संग्रौलाले पुँजीवादकै कारण भ्रष्टाचार कम हुन नसकेको बताए। डा.संग्रौलाले नेपालमा वैदेशिक हस्तक्षेपले गर्दा पनि भ्रष्टाचारको न्यूनीकरण हुन नसकेको बताए । मुलुकमा भ्रष्टाचार व्याप्त रहेको र विभिन्न ठुला ठुला भ्रष्टाचारका काण्डहरु बाहिर आइरहेको प्रा. डा. संग्रौलाले नवउदारवादी पुँजीवादी व्यवस्थाका कारण भ्रष्टाचार भएको र मौलाएको बताएका छन् ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नाममा भएको ठगी आरोपमा पक्राउ परेका १४ जना पक्राउ परिसकेका छन् । पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँण र नेपाल सरकारका सचिव टेकनारायण पाण्डेसहित १४ जनालाईलाई हिरासतमा राखेर प्रहरीले अनुसन्धान अगाडि बढाएको छ ।

यो प्रकरणमा पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाँण, नेपाल सरकारका सचिव पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, खाँणका निजी सचिव नरेन्द्र केसी, नेपाली कांग्रेसका पूर्व सांसद आङटावा शेर्पा, सन्देश शर्मा, टोपबहादुरका छोरा सन्दीप, रामशरण केसी, गोविन्द चौधरी, सागर राई, टंकबहादुर गुरुङ, केशव दुलाल र सानु भण्डारी पक्राउ परेका हुन। पछिल्लो पटक आत्मसमर्पण गरेका नेपाली कांग्रेसका पूर्वसांसद आङटावा शेर्पासँग मात्रै अब बयान लिन बाँकी छ।

**टंकमणिले...**

कार्यक्रमा राखेको हो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महालेखा परीक्षक कार्यालयका महालेखा परीक्षक माननीय टंकमणि शर्माले भ्रष्टाचार नियन्त्रणका लागि दुई सुत्र सुझाए ।

लामो समयदेखि महालेखा परीक्षकको कार्यालयमा महालेखा परिक्षकको रुपमा काम गर्दै आएका शर्माले भ्रष्टाचार न्यूनीकरणको लागि उचित कदम चाल्नुपर्नेमा जोड दिँदै दुई सुत्र अगाडि सारेका हुन् ।

एक : भ्रष्टाचार नियन्त्रयण गर्दै सदाचारको निर्माण गर्ने ।

दुई : सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने ।

यी दुई मध्ये एक शुत्रको प्रयोग मार्फत भ्रष्टाचार तथा अनियमितता न्यूनीकरण गर्न सकिने उनको विश्वास छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले शासकहरु त्याग र सेवाका लागि जानुपर्ने भएपनि लाभ र तलबका राजनीतिमा लागेकाले भ्रष्टाचार बढिरहेको बताए ।

अख्तियारले सुशासनका निम्ति अदालतमा मुद्दा अगाडि बढाएपनि अदालत भित्रको बेथितिले सुशासनलाई प्रभाव पारेको जानकारी गराए। पछिल्लो पटक संसदमा प्रस्तुत हुन लागेका विधेयकहरुले डरलाग्दो अवस्था ल्याउन सक्नेमा उनको आशंका थियो । 'पछिल्लो समय न्यायलय समेत सेटिङमा चल्न थालेको छ, अनि कसरी सुशासन हुन्छ ? कसरी न्याय पाउन सकिन्छ ?' उनले प्रश्न गरे । कार्यक्रममा नेपाल सरकारका पूर्व मुख्यसचिव लीलामणि पौडेलले सबै प्रशासकलाई भ्रष्टाचारीको रुपमा हेर्न नहुने बताए । उनले भने 'सबै कर्मचारीलाई एउटै नजरले नहेरौं, अँध्यारोमा जुनकिरी छन्, त्यसलाई निभ्नबाट बचाऔं ।'

उनले विकास निर्माणका कार्य समयममै हुन नसक्नुको प्रमुख कारण साइनिङ मनीको कारण भएको बताए । उनले भने, 'सुरुमै पेश्की लियो त्यो पेश्की वापतको पैसा लिएपछि सबैलाई वितरण गऱ्यो । दोस्रो किस्ता ठेकेदारले जग्गामा लगानी गर्छ अनि कसरी समयमै विकास हुन्छ ?'पूर्वमुख्यसचिव पौडेलले सुशासन प्रत्याभूत गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग सक्रिय हुनुपर्नेमा जोड दिए ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव रामेश्वर दंगालले सुशासन कायम गराउनका लागि आ आफ्नो ठाउँबाट सबैले जिम्मेवार र दायित्वबोध गर्नुपर्ने बताए। उनले हरेक नागरिकले म कस्तो व्यक्तिबाट शासित छु भन्ने कुरामा स्पष्ट हुनुपर्नेमा जोड दिए । राष्ट्रिय सतर्कता केन्द्रका सचिव सुरेश आचार्यले पछिल्लो समय सबैभन्दा बढी ढिलासुस्ती र अनियमितता स्थानीय तहमा हुने गरेको बताए । उनले संघीयता आएपछि जनताको घर दैलोमा पुगेको सरकारकै विरुद्ध बढी उजुरी केन्द्रमा परेका दाबी गरे । ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रमुख पदमिनि प्रधानाङ्गले नेपालमा नीतिगत भ्रष्टाचारले जरा गाडेको बताइन् । उनले यस विषयमा आम नागरिकहरु सचेत भई सरकारलाई खबरदारी गर्नुपर्ने सुझाइन् ।

**शाखा...**

परीक्षण कम्पनीले मागपत्रमा कार्यालयबाट पूर्व स्वीकृति भन्दा पहिलेको मितिमा भएको देखिएपछि सतर्कता अपनाइएको बताए । तर कर्मचारीलाई चित्त बुझाउन सक्ने व्यवसायीका फाइल सहजरूपमा एप्रुभ भइरहेको भन्दै उनले 'सतर्कता अपनाएको' भन्ने कर्मचारीको जवाफ सच्चाइ लुकाउने बहानाबाजी मात्रै भएको दाबी गरेका छन् । संघका संयोजक गुरूङले व्यवसायीका सबै गुनासा कार्यालय प्रमुखसँग राखेर निकास निकालिने बताए ।

वैदेशिक रोजगार विभागले पछिल्ला दिनमा अनलाइनमार्फत श्रम स्वीकृति प्रदान गरेर आफ्नो प्रशासनलाई चुस्त बनाउँदै लगेको बताएको छ। तर व्यवसायीहरू अनलाइन सेवा भनिएपनि सामान्य विषयमा पनि आफ्ना तर्फबाट गर्ने निर्णयमा कर्मचारीले तजबिजी गरेको गुनासो गरिरहेका छन् ।

# एक्सन वर्क्स नेपालद्वारा 'मितेरी बर्थिङ सेन्टर' हस्तान्तरण

मध्यान्ह संवाददाता
काठमाडौं, ३ जेठ



एक्सन वर्क्स नेपालले जुम्लास्थित सिंजा गाउँपालिका वडा नं. ६ दाँतमा निर्माण गरेको 'मितेरी बर्थिङ सेन्टर' हस्तान्तरण गरेको छ। नेप्लिज नर्सिङ एशोसियसन युकेको आर्थिक सहयोगमा निर्माण गरिएको बर्थिङ सेन्टरको बुधबार एक समारोहकाबीच गाउँपालिकालाई हस्तान्तरण गरिएको हो। कार्यक्रममा एक्सन वर्क्स नेपालकी अध्यक्ष सम्झना पौडेलले गाउँपालिकाकी उपाध्यक्ष सितली रोकायालाई बर्थिङ सेन्टर हस्तान्तरण गरेकी थिइन्। सो क्रममा हस्तान्तरण गर्ने र लिने पक्षका बीचमा सम्झौता पत्रमा हस्ताक्षर भएको थियो ।

कार्यक्रममा एक्सन वर्क्स नेपालकी अध्यक्ष पौडेलले संस्थाले बर्थिङ सेन्टर स्थापनाका लागि पुलको काम गरेको बताइन् । उनले भनिन्,'हामीले यहाँको महिला दिदीबहिनीहरुको समस्यालाई ध्यानमा राखेर बर्थिङ सेन्टर स्थापना गऱ्यौं । हामी एउटा पुल मात्रै हौं ।'

सिंजा गाउँपालिकाकी उपाध्यक्ष सितली रोकायाले बर्थिङ सेन्टर स्थापना भएसँगै धेरै महिलाहरुको ज्यान जोगिएको बताइन् । उनले भनिन्, 'बर्थिङ सेन्टर नहुँदा धेरै महिलाहरुले अकालमै ज्यान गुमाएका थिए । आज एक्सन वर्क्सको यस सहयोगले धेरै महिलाहरुको ज्यान जोगिएको छ ।'

गाउँपालिकाका प्रवक्ता तिर्थ वडले एक्सन वर्क्सले यहाँको समस्या पहिचान गरेर बर्थिङ सेन्टर निर्माण गरेसँगै महिलाहरुको जीवन जोगिएको बताए । वडामा बर्थिङ सेन्टर नहुँदा चार/पाँच घण्टा लाग्ने अर्को वडामा जान बाध्य हुने गरेको र अहिले सो समस्या समाधान भएको बताए ।

वडाध्यक्ष लालबहादुर बुढाले एक्सन वर्क्स नेपाललाई धन्यवाद दिँदै सहयोगी संस्था नेप्लिज नर्सिङ एशोसियसन युकेलाई समेत धन्यवाद दिए । उनले हस्तान्तरणसँगै आगामी दिनमा बर्थिङ सेन्टरमा कुनै पनि कुरामा कमिकमजोरी हुन नदिने बताए ।

बर्थिङ सेन्टरकी अनमी सारदा रोकायले शुरुमा बर्थिङ सेन्टरमा काम गर्न गाह्रो भएपनि अहिले सहज भएको बताइन् । उनले पछिल्लो समय बर्थिङ सेन्टरमा महिलाहरु गर्भ जाँचका साथै सुत्केरी हुन आउने क्रम बढेको बताइन्। २०७५ सालमा स्थापना भएको बर्थिङ सेन्टरबाट हालसम्म ८५ जना महिलाहरुले सेवा लिएका उनले बताइन् ।

बर्थिङ सेन्टर स्थापना भएसँगै घरमा सुत्करी हुने चलन हराएको र बर्थिङ सेन्टरमै महिलाहरु आउने गरेको उनको भनाइ छ । कार्यक्रममा एक्सन वर्क्स नेपालले अटो क्लेप मेसिन उपहार स्वरुप बर्थिङ सेन्टरलाई प्रदान गरेको छ। एक्सन वर्क्स नेपालले हस्तान्तरण गरेसँगै बर्थिङ सेन्टरको स्वामित्व गाउँपालिकाले प्राप्त गरेको छ ।

# मदन–आश्रित स्मृति दिवसका अवसरमा रक्तदान

पिन्टु यादव/मध्यान्ह
सप्तरी, ३ जेठ

नेकपा एमाले सप्तरीले राजविराजमा रक्तदान कार्यक्रम आयोजना गरेको छ। मदन-आश्रित स्मृति दिवसको अवसरमा एमाले सप्तरीको सहयोग र अनेरास्ववियुको आयोजनामा रक्तदान कार्यक्रम गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटीको कार्यालयमा आयोजित रक्तदान कार्यक्रममा एमालेका नेता तथा कार्यकर्ताहरुले रक्तदान गरेका थिए । अनेरास्ववियुका मनिसा साह, भवानी ठाकुर,सचिन्द्र यादव र सुर्य कुमार रजकले रक्तदान गरे। त्यस्तै सो पार्टीका मोर्चा फाँटका दुर्गानन्द ठाकुर, लक्ष्मण यादव, शिवराम मण्डललगायतले १७ पाउण्ड रगत दान गरे।

**बिरामीलाई फलफूल वितरण**

यस्तै दिवसको अवसरमा गजेन्द्रनारायण सिंह अस्पतालका आकस्मिक कक्षमा रहेका बिरामीहरुलाई फलफूलसमेत वितरण गरिएको छ। रक्तदान कार्यक्रम सम्पन्न भएपछि एमालेका पोलिटब्यूरो सदस्य तथा पूर्व राष्ट्रिय सभा संसदीय दलका नेता सुमनराज प्याकुरेलको नेतृत्वमा जिएन सिंह अस्पतालका बिरामीहरुलाई फलफूल वितरण गरिएको हो । कार्यक्रममा जिल्ला कमिटी अध्यक्ष ताराकान्त चौधरी, उपाध्यक्ष अब्दुल मजिद साकिर, सचिव देवनाथ यादवलगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो।

# 'कित्ताकाट समस्या छिट्टै समाधान हुन्छ'



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ३ जेठ

रौतहटको गरुडा नगरपालिकाले भू-उपयोग नियमावलीअनुसार नगर क्षेत्रका जग्गाको वर्गीकरण कार्य सम्पन्न गरेको छ ।

भू-उपयोग नियमावली २०७९ ले निर्देश गरेको मापदण्डको आधारमा जग्गा वर्गीकरण बन्द गरिएको थियो । तर अब वर्गीकरणको अभावमा रोक्का रहेका जग्गा कारोबार सुचारु हुने भएको गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद कलवारले बताए।

जग्गा वर्गीकरण नभएकै कारण धितो राखेर ऋण पाउन गाह्रो भएपछि सर्वसाधारणको उपचार, विवाह, छोराछोरीको पढाइ, अंशबण्डाजस्ता अत्यावश्यक सामाजिक कार्यमा असर परेकाले पनि अब जग्गा कित्ताकाट हुने भएपछि सबै समस्या समाधान हुने नगरप्रमुख कलवारले जानकारी दिए ।

वर्गीकरणपछि नापी, मालपोत र वित्तीय संस्थाका काम पुनः लयमा फर्कने अपेक्षा गरिएको नगरप्रमुख कलवारले बताए । यसै सिलसिलामा नगरप्रमुख कलवारले कित्तकाटसम्बन्धी ज्ञापनपत्र मालपोत कार्यालय रौतहटमा बुझाएका छन् ।


कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

**बोलपत्र आव्हान रद्ध गरिएको सूचना**

(प्रकाशित मिति २०८०।२।४)

यस कोशी गाउँ कार्यपालिकाको कार्यालय लौकही सुनसरीबाट क्रमागत योजना आ.व.२०७९।८० को बोलपत्र गर्ने सिलसिलामा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको मिति २०७९।१२।१० मा प्रकाशित सूचना अनुसार ठे.नं.**01/NCB/KRM/Works/2079-80**, Construction of School Building For Prabadik Dhar at Rastriya Ma Bi, Shovanpur Ward 3 को कार्य, देशमा आर्थिक समस्या र संघीय सरकारबाट हस्तान्तरण हुने विकास खर्चमा सम्भावित कटौतिको कारणले उक्त योजना संचालन गर्न सम्भावना नदेखिएको हुदा हाल उक्त कार्यको लागि गरिएको वोलपत्र कार्यपालिकाको मिति २०८०।१।२६ गते बसेको बैठकले रद्ध गर्ने निर्णय गरेकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत



सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

**बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे**

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/४

यस कार्यालयको मिति २०७९/१२/२४ गते प्रकाशित सूचना अनुसार बिभिन्न ठेक्कामा e–bid मार्फत पेस आएका बोलपत्र मूल्यांकन समितिबाट विभिन्न पक्षको मूल्याकंन गर्दा निम्न बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकाले सार्वजनिक खरिद ऐनको दफा २७ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक रु (VAT र P.S सहित) |
|---|---|---|---|---|
| १ | IDOKANCHANPUR /W/NCB/R/079-80-39 | Construction of Roads and culverts of Belandi Rural Municipality, Kanchanpur | Krish Nirman Sewa, Kanchanpur | 66,83,171.04 |
| २ | IDOKANCHANPUR /W/NCB/R/079-080-40 | Construction of Belauri Bazar Bhurkot Katan Gokulpur Bandatal IBRD hudai hulaki Link Road, kanchanpur | PNB Developers, Kanchanpur | 23,03,248.00 |

कार्यालय प्रमुख



UAE मा रोजगार | १. कम्पनी: O C S FACILITIES MANAGEMENT SERVICES BR OF OCS UNITED
शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/०९/११ चलानी नं.: ६०१७१२११ LT. No.: 254201 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 17 | सम्बन्धित काममा दक्ष | 900 | ३२,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Male | 64 | 0 | | 800 | २८,५९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



मलेशियामा रोजगार BAOJIA NEW ENERGY MANUFACTURING SDN BHD FREE VISA FREE TICKET
पून:बिज्ञापन पुर्व स्विकृति मिति: 2079.06.25 चलानी नं. ६०१८९०९७ LT No. 273149

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 24 | 1500 | 43709 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०८० जेठ ११ गते (25 May 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

# सिम्रौनगढका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीविरुद्ध मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवाल र वीरेन्द्र प्रसाद साह कानुसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सडक ग्राभेलको योजनामा झुट्टा बिल भरपाई तथा गलत प्रतिवेदन तयार गरी गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा अख्तियारले तत्कालीन निमित्त प्रमख प्रशासकीय अधिकृत जयसवाल र कानुसहित लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इन्जिनियर अजित कुमार गुप्ता, असिस्टेन्ट सब इन्जिनियर दिनेश कुमार, उपभोक्ता समितिका अध्यक्ष दिनेशप्रसाद यादव, सचिव वैद्यनाथ प्रसाद यादव र कोषाध्यक्ष गीताकुमारी यादवविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारले सिम्रौनगढ नगरपालिका-९, बसबरियादेखि अमरपुर जाने बाटोमा माटो पुरेर ग्राभेल गर्ने काममा उपभोक्ता समितिसँगको सम्झौता शर्तविपरीत नभएको काम भएको भनेर झुटा बिल भरपाईका आधारमा १० लाख ८ हजार ९६५ रुपैयाँ भुक्तानी गर्ने कार्यमा उनीहरुको संलग्नता रहेको दाबी गरेको छ ।



१० लाख ८ हजार ९६५ रुपैयाँ बिगो माग गरी भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । अख्तियारले उनीहरुविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी बिगो रकम असुल उपर हुन मागदाबी लिइएको बताएको छ ।

## माछा पोखरीमा भ्रष्टाचार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी र हरिओमप्रसाद जयसवालसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले बुधबार सार्वजनिक सम्पत्ति हानिनोक्सानी एवं राजस्व चुहावट गरी भ्रष्टाचार गरेको आरोपमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मरासेनी र जयसवाल तथा लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मरासेनी र लेखा अधिकृत चौधरीले सिम्रौनगढ नगरपालिकाबाट आ.व. २०७५/७६ मा देवापुर माछा पोखरी ठेक्कामा ७ वटा फर्मले टेन्डर फर्म भरेकोमा उक्त ठेक्काको सम्झौता नभई ठेक्कामा कबोल गर्ने तेश्रो, चौथो, पाँचौं, छैटौं र सातौं फर्मको धरौटी फिर्ता गर्न तोकआदेश गरेको, गोश्वारा भौचर सदर गरी धरौटीबापत ९ लाख २२ हजार ५ सय रुपैयाँ सम्झौता हुनु अगाडि नै फिर्ता गरी नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको दाबी गरेको छ ।

उनीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ९ लाख २२ हजार ५ सय रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

यस्तै तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जयसवालले पुनः देवापुर पोखरी ठेक्काको सूचना प्रकाशन गरेको र सो देवापुर पोखरी ठेक्काको लागि पुनः सूचना प्रकाशन गर्दा सार्वजनिक पोखरी संरक्षण समितिको सिफारिस तथा नगरप्रमुखको तोकआदेश समेतका आधारमा ठेक्काको सूचनामा न्यूनतम कबोल अंक शुरुको ठेक्काको रकमलाई कुनै पनि सिफारिस तथा निर्णयसमेतको अनदेखा गरी एकल निर्णयमा ठेक्काको न्यूनतम अंक पहिलेको भन्दा आफूखुसी घटाई नगरपालिकालाई ९ लाख ९५ हजार रुपैयाँ घटी राजस्व असुल गरी राजस्व चुहावट गरेको दाबी गरेको छ । जयसवाललाई ९ लाख ९५ हजार रुपैयाँ बिगो कायम गरी चुहावट भएको राजस्व रकमको दोब्बर जरिवानाको माग गर्दै मुद्दा दायर गरिएको प्रवक्ता दाहालले बताए ।


## आठबीस नगर कार्यपालिकाको कार्यालय

**राकम कर्णाली, दैलेख**

### शिलबन्दी दरभाउपत्र स्वीकृतिको आव्हान सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०८०/०२/०४)**

यस कार्यालयको मिति २०८०/०१/१० मा प्रकाशित विद्युतिय शिलबन्दी दरभाउपत्र आाव्हानको सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका विद्युतिय शिलबन्दी दरभाउपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमको विद्युतिय शिलबन्दी दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (मू.अ. कर सहित) | न्युनतम मूल्यांकित कबोल अंक रु (मू अ कर सहित) | दरभाउपत्र दाताको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| 02/SQ/AM/ G/2079-080 | Procurement of Medicine | रु. १६,००,०००।०० | रु. ८५४८२८।५ | श्री Rara Medicine And Surgical Distributors Pvt. Ltd | आयोजना स्थल – आठबीस नगरपालिका |

**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, दैलेख**



WE'RE HIRING

# VACANCY
ANNOUNCEMENT

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**Documentation Officer - 2 Nos**

Minimum education +2 passed
Should have 2/3 years experience in related field.

SALARY 20,000- 25,000

SEND YOUR CV:
hr@mobhiraservices.com

**Mobile: 9801146233 | 9823486681**



### ३५ दिने सूचना

नेपाल सरकारबाट वैदशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री चेरिस ओभरसिज प्रा.लि. (इ.प.नं. १३०४/०७४/०७५) का सञ्चालक शेयरधनी इबलाल बसेलको आफ्नो नाममा कायम रहेको उक्त प्रा.लि.को शेयर कि.नं. ०१ देखि ३०,००० सम्मको जम्मा ३०,००० थान शेयर साविक यज्ञभूमि गा.वि.स. वडा नं. ९, जिल्ला धनुषा बस्ने सृजना राईलाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गर्न कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भएमा वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाणसहित कम्पनीको कार्यालयमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा मागबमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**Cherish Oversease Pvt. Ltd** श्रम इजाजत नं. १३०४/०७४/०७५
Samakhusi Town Planning, Kathmandu, Tel.: 01-4365717 | 9801100119
E-mail : conepal2022@gmail.com, Website: cherishoverseasnp.com.np



### कम्पनीको नाम परिवर्तनको सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८०/०२/०४)**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०८०/०१/०४ को निर्णयानुसार ए-वन केबुल नेटवर्क प्रा. लि. को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी ए वान डिजिटल इम्पोरियम प्रा. लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



### UAE मा वैदेशिक राजगार | कम्पनी:. ROYAL CATERING SERVICES LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०८/२३ चलानी नं.: ६०१९२९४५ L.T. No.: 277326 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 15 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 10 | 0 | | 1200 | ४२,८८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal



### कुवेतमा रोजगारको अवसर | कम्पनी : TANZIFCO COMPANY WLL शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५५५ L.T. No.286159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper | 100 | 200 | स. काममा दक्ष | 85 | ३६,३५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Index Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १५४३/०७८/०७९

**Index Recruitment Pvt. Ltd.**
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443, Mobile: 9814269669, 9813850986
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np



### कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलंकी, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०२/०४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलंकी, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औ दिन अर्थात मिति २०८० जेठ १९ गते शुक्रबार**का दिन शाखा कार्यालय कलंकी, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय काठमाण्डौ मा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/१२ मा प्रा.लि.नं. २१३८२२/७५/०७६ मा दर्ता कायम भई काठमाडौ जिल्ला, नागार्जुन न.पा., वडा नं.४, सितापाईला स्थित आन्तरिक राजश्व कार्यालय कलंकीबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०९५२१९७७ को प्रमाणपत्र प्राप्त **सुरेश्मा सप्लायर्स प्रा.लि.** ।

**सञ्चालक तथा व्यक्तिगत जमानकर्ताहरुको विवरण :**
१. तुलसी भक्त जोशीको नातीनी, चैन भक्त जोशीको छोरी, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं.२ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ४ बस्ने **रेश्मा जोशी** (ना.प्र.प.नं. २५९५२ जारी मिति २०६२/०४/२४ जिल्ला प्रशासन कार्यालय भक्तपुर) ।
२. पञ्च बहादुर मानन्धरको नाति, इन्द्र बहादुर मानन्धरको छोरा, मकवानपुर जिल्ला ,हटिया गा.वि.स, वडा नं.०१ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन नगरपालिका वडा नं.४ बस्ने **शुरेस मानन्धर** (ना.प्र.प.नं ४४४० जारी मिति २०५२/०७/२९ जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

**लिलाम हुने सम्पतीको विवरण :**
१. **रेश्मा जोशी**को नाममा मालपोत कार्यालय मकवानपुर दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया गा.वि.स, वडा नं. १ स्थित कित्ता न. ७७५९, क्षेत्रफल ५२४.८९ (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनी कुमारी बैंक लि र ऋणी **सुरेश्मा सप्लायर्स प्रा.लि.** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इञ्जिन नं. 4SPCR10BYX608150, च्यासिस नं. MAT464329MSR03679, सवारी दर्ता नं. BA.PRA. 01-025 CHA 0420 को गाडी थान १ ।

**शर्तबन्देजहरु:**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० जेठ १८ गते** भित्र बैंकको शाखा कार्यालय कलंकी, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलंकी, काठमाण्डौबाट रु ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात मिति २०८० जेठ १९ गते** १२:०० देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय कलंकी, काठमाण्डौमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलंकी, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८० साल जेठ १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय कलंकी, काठमाण्डौ, फोन नं. ०१-५२१८५२५/५२१८५२६**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com

थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# जबज नबोक्ने एमाले

प्रमुख विपक्षी दल नेकपा एमालेले बुधबार मदन–आश्रित स्मृति दिवस मनाएको छ । २०५० जेठ ३ गते तत्कालीन पार्टी महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जिवराज आश्रितको रहस्यमय मृत्यु भएको थियो । अहिलेसम्म पनि रहस्यमै रहेको त्यो घटनाले एमाले पंक्ति र सिंगो राजनीतिमै ठूलो क्षति पुगेको थियो । अहिलेपनि मदनले ल्याएको राजनीतिक कार्यदिशा (जनताको बहुदलीय जनवाद) मै एमाले हिडिरहेकाले त्यो रहस्यमय मृत्यु प्रकरणले पुगेको क्षति कुन तहको थियो भन्ने अनुमान लगाउन सकिन्छ । संसारभर कम्युनिष्ट शक्ति धरासयी बनिरहँदा मदनले नेपालमा एमालेलाई लोकप्रिय बनाउन जबजलाई आधार बनाएका थिए । जबजले एमालेको लोकतान्त्रिकरण मात्रै गरेका थिएन कम्युनिष्ट रूझानलाई व्यवस्थित समेत गरेको थियो ।

अझ दश वर्ष सशस्त्र विद्रोह गरेको नेकपा माओवादी समेत अहिले लोकतान्त्रिक प्रतिस्पर्धाको बाटोमा हिडिरहेकाले मदनले लिएको कार्यक्रम आवश्यक थियो भन्ने नै पुष्टि हुन्छ । शान्तिपूर्ण तरिकाले बहुदलीय प्रतिस्पर्धालाई स्वीकारेर कम्युनिष्ट पार्टीले पटकपटक सत्ताको नेतृत्व गर्ने अवसरको जग सिर्जना गर्नुले पनि जबजको उचाइ अनुमान लगाउन सकिन्छ । एमाले त बितेको ३० वर्षदेखि त्यही जबजको मार्गदर्शनमा हिडिरहेको छ । त्यसैले मदन र जिवराजको स्मृतिले एमालेमा कति अर्थ राख्छ भन्ने प्रष्ट हुन्छ । तर सँगै यो स्मृति दिवस एमालेका निम्ति प्रश्न पनि हो । हरेक वर्ष स्मृति दिवस मनाइरहँदा जसरी एमालेले मदनले नेपाली राजनीति, कम्युनिष्ट आन्दोलन र एमालेका निम्ति पुर्‍याएको योगदान सम्झने गर्छन्, बाँकी अवधि कसरी चलिरहेको छ भन्ने उत्तिकै अर्थपूर्ण छ ।

किनकि मदनले जबजमार्फत् कम्युनिष्ट पार्टीको लोकतान्त्रिकरण मात्रै गरेका थिएनन्, संसदीय प्रणालीमै सुधारको कल्पना पनि गरेका थिए । परम्परागत संसदीय प्रणालीकै निम्ति कम्युनिष्ट पार्टीको स्वीकारोक्ति भन्ने अर्थमा जबज आएको थिएन । जनताको विश्वास जितेर प्रतिपर्श्धाको माध्यमबाट संसदमा पुगेर जनताको काम गर्ने भनेर जबज अगाडि बढाइएको थियो । अझ सांसद, मन्त्री र प्रधानमन्त्री बन्नकै निम्ति एमालेलाई संसदीय प्रणालीमा लैजाने मदनको उद्देश्य होइन । तर त्यही जबजलाई अगाडि बढाएर एमालेले सांसद, मन्त्री र प्रधानमन्त्रीको चक्कर चलाइरहेको देखिन्छ । परम्परागत शक्ति भन्दा एमालेका सांसदमा कुनै अन्तर नभेटिनु जबजको असफलता हो । तर यसप्रति एमाले नेतृत्वमा समीक्षा र स्वीकारोक्ति देखिदैन । त्यस्तो प्रवृत्ति भनेको मदन-आश्रितप्रति श्रद्धाञ्जली नभएर अपमान हो, यो पाटोबारे गम्भीर समीक्षा हुन आवश्यक छ ।

# कलरफूल रिभोलुसन !

*कुनै पनि घटनामा कारण हुन्छ । आज कुन स्थितिमा, के-कस्ता कारणहरूले सरकार यसरी एक्सनमा आउने घटना विकास भयो ? यसको वस्तुसम्मत समीक्षा हुन आवश्यक छ ।*


अग्रलेख



● लेखराज रेग्मी

'कलरफूल रिभोलुसन' (त्यस्ता आन्दोलन जसमा विदेशीको सत्ता परिवर्तनको अद्रिश्य हात रहेको हुनसक्छ) अहिले नेपालमा धेरैले अड्कल गरिएको विषय हो । अमेरिकी दबाब नभएको भए 'प्रचण्ड-नारायणकाजी' धरपकडमा यति अघि बढ्दैनथे भन्ने धेरैको टिप्पणी छ । तथापी यो कति सत्य हो वा होइन, छलफलको विषय भने बन्नु आवश्यक छ ।

कलरफूल रिभोलुसनको आंशिक तथ्यहरु नेपालमा झापा आन्दोलनको क्रममा पनि देखिए । नक्सलवाडी आन्दोलनको विकास र बिसर्जनका घटनासँगै मालेको यात्रा गन्तव्य मोडियो । ठिक त्यस्तै, एकता केन्द्रको विभाजन र रिममा मोहनविक्रम सिँहसँगका जुहारीहरुले पनि यस्तै देखाउछन् र आज पनि यस्तो देखापर्नु नेपाली बाम आन्दोलनमा त्यति अस्वाभाविक हो भन्ने लाग्दैन । हामीले यसको सकारात्मक नकारात्मक प्रभावलाई बुझ्न र बुझाउन बहस चलाउन आवश्यक छ ।



साम्राज्यवाद नेपालसम्बन्धी आफ्ना नीति र योजना उसकै आफ्नो हितलाई सर्वोपरी राखेर बनाउछ । सायद, यसमा दुई मत नहोला । हामीले हाम्रो हित र लाभको आधारमा अन्तर साम्राज्यवादी अन्तरविरोधसँग खेल्ने हो । सायद यसमा पनि बिमति नहोला । तर, जब हामी देश र जनतालाई सर्वोपरी राखेर लाभहानीका कुरा गर्न सक्दैनौं स्वभाविक ढंगले निश्चित झुण्ड समूह वा प्रवृत्तिको लाभहानीका आधारमा तय गर्छौं । पुँजीवादले राजनैतिकरूपमा जतिसुकै सुन्दर, सामूहिक, सामाजिक हितको कुरा गरोस्, त्यसको मूल चरित्र व्यक्तिगत स्वतन्त्रता र समान असमानबीचको प्रतिष्पर्धा नै हो । हाम्रो आजको राज्य व्यवस्था पनि यही संरचनामा चल्ने हो । यसमा सामाजिक अन्तरविरोधहरुलाई सबैले आफ्नो हितको पक्षमा प्रयोग गर्दछन् । सिधै वा अप्रत्यक्ष वा अदृश्य ढंगले बनाइने पहुँच र पकडहरु त परिणामसँगै खुल्दै र प्रमाणित हुँदै जाने हो । विश्लेषकहरुले पूर्वानुमान गर्न सक्छन् तर, पत्याइहाल्ने स्थिति हुँदैन । संयमपूर्वक थप प्रामाणिकतासहित सकारात्मक र नकारात्मक परिणामको आंकलनको आधारसमेत राखेर विषय प्रस्तुत गर्ने, बहस चलाउने कुरामा उदासिनता भने रहनुहुँदैन ।

यतिबेला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र गृहमन्त्री नारायणकाजी श्रेष्ठ नक्कली भुटानी शरणार्थी प्रकरणमा एक्सनमा देखिएका छन् र यसले जनमतलाई पक्ष र विपक्षमा विभाजन गरेको छ । कतिपय व्यक्ति वा समूह एजेण्डाका आधारमा विभाजित देखिन्छन् भने कतिपयमा आपसी राजनैतिक सम्बन्धका आधारमा एजेण्डामा मत व्यक्त गर्ने गरेको पाइन्छ । यसबारे विधि र पक्षधरताका आधारमा प्राप्त प्रतिक्रियाहरुलाई अध्ययन गर्नुपर्ने हुँदोरहेछ । तर, अतिरञ्जनापूर्ण विरोध वा समर्थन ठिक होइनन् ।

कुनै पनि घटनामा कारण हुन्छ । आज कुन स्थितिमा, के-कस्ता कारणहरुले सरकार यसरी एक्सनमा आउने घटना विकास भयो ? यसको वस्तुसंमत समीक्षा हुनु भने आवश्यक छ । एकथरी मानिसहरु यसमा विदेशी षड्यन्त्र देखिरहेका छन् । विदेशी संलग्नता वा अभिरुचि पक्ष वा विपक्षमा हुनु वा यसैलाई आधार बनाएर आफ्नो स्वार्थ पूरा गर्न चाहनु नयाँ कुरा होइन । तर, के षड्यन्त्र स्वरूप नै यो काम भैरहेको छ त ? प्रामाणिक तथ्यसहित यसको विवेचना हुनु, यसलाई खारेज गर्नु वा स्वीकार गर्नु आवश्यक हुन्छ र यसका निम्ति उनीहरु नै बढी जवाफदेही हुनुपर्छ, जसले यसरी बोलिरहेका छन् । यसलाई महान् र क्रान्तिकारी कार्यको रूपमा लिने र सबैकुरा यसरी नै हुनेछन् भन्ने प्रचार पनि अत्याधिक पाइन्छ । यस्तो प्रचारका वर्गीय र प्रवृत्तिगत स्रोत केलाउनु र आधारहरुबारे विवेचना गर्नु आवश्यक हुन्छ । कलरफूल रिभोलुसनको झल्को सायद यहिँ देखिन्छ होला, यसलाई तथ्यगत ढंगले यसको चरित्र र अन्तरवस्तु खोदलेर राखिदिनु आवश्यक हुन्छ । मनोगत प्रशंसा र प्रशस्ति, विरोध र आलोचनाको खास मूल्य रहँदैन ।

एमसीसी प्रकरणमा प्रचण्ड खतरासँग खेल्न चाहेनन् र उनले बचाउकै रणनीति अख्तियार गरे । तर कुनैपनि मूल्यमा आत्मसमर्पण गर्नेछैनन् भनेर बुझ्नेहरुको आक्रोशले उनीलाई गद्दार, आत्मसमर्पण र एजेण्टको आरोप लगाइयो । सायद शेरबहादुर देउवा र केपी शर्मा ओली गठबन्धनबाट पारित गराउन अमेरिका चाहन्थ्यो, प्रतिपक्षमा बसेर विपक्षमा मतदान गर्नु सुगम हुन्थ्यो र प्रचण्डका आफन्तहरुको नाक ठाडो हुन्थ्यो पनि । तर, कसैले पनि यसबाट उत्पन्न हुने परिस्थिति र यसको क्षति वा उपलब्धिबारे ठोस वस्तुनिष्ठ निष्कर्ष दिएका छैनन् र यस विषयमा मौनताले नेपाली कम्युनिष्ट तथा बाम बौद्धिकहरुको एउटा स्तर उजागार गर्छ । जे होस् यो घटनाले प्रचण्ड र माओवादी केन्द्रको शाख गिराएकै छ ।

यस्तै, नारायणकाजी त तत्काल पार्टी फुटाएर जाने दबाबमा थिए । उनले यो बाटो रोजेनन्, धेरै सहयोगी र शुभचिन्तक गुमाए । यसपटक सरकारमा पुग्न प्रचण्ड र नारायणकाजीलाई यसकारण पनि दबाब थियो कि उनीहरुले आफुलाई पुनर्पुष्टी गर्न सकुन् । एमसीसी उल्टाएर खतरा मोल्न चाहने कुरा सामर्थ्यको कुरा थिएन, ललिता निबास प्रचारात्मक हुँदा पनि रिस्कभन्दा उपलब्धिको सम्भावना कम हुने खालको थियो । भुटानी शरणार्थी प्रकरण होहल्ला नभएपनि उठिसकेको, गठबन्धनको लागि कम क्षतिपूर्ण र भारत, चीन र अमेरिका कुनैपनि तर्सिनु नपर्ने, अमेरिका त झनै सकारात्मक हुने स्थितिको आंकलनपछि यसले प्राथमिता पाउनु स्वभाविक थियो । देशभक्तिको भाव, राष्ट्रिय सम्मानमा क्षतिपूर्ति र जघन्य अपराध जस्तो घटनामा सहानुभूति प्राप्त हुने र क्षतिपूर्तिपछि अन्य पपुलर काम गर्न सकिने स्थिति तयार हुने आंकलन यस्ता कारणहरु हुनसक्छन् । साथै, प्रहरी अनुसन्धान एक हदसम्म पूरा भैसकेको तथा लोकप्रियता बढाउन सकिने फाइल हुँदा प्रहरी संगठनको नेतृत्व पनि यसमा रुचि रहने स्थिति, यस्ता अनुकुलता हुन जसले सरकारमा आँट हौसला तथा पहलकदमी पैदा गर्‍यो । यस मुद्दाको एउटा विशेषता के रहेको छ भने विरोध गर्नेले षड्यन्त्र गर्नसक्छ, खुलेर विरोध गर्न सक्दैन । यो अनुकुलताको लाभ देशभक्त शक्तिहरु र श्रमिक वर्गले कसरी उठाउने छन् भन्ने प्रश्न पनि उठिरहेको छ ।

> *भुटानी शरणार्थी प्रकरण गठबन्धनको लागि कम क्षतिपूर्ण, कुनैपनि शक्ति राष्ट्र तर्सिनु नपर्ने र अमेरिका त झनै सकारात्मक हुने स्थितिको आंकलनपछि यसले प्राथमिकता पाउनु स्वभाविक थियो । देशभक्तिको भाव, राष्ट्रिय सम्मानमा क्षतिपूर्ति र क्षतिपूर्तिपछि अन्य पपुलर काम गर्न सकिने स्थिति तयार हुने आंकलन यसको आधारहरू हुन् भन्न सकिन्छ ।*

शरणार्थी समस्या युएनको चासोको विषय रहेकोले यसमा छानबिनका गतिबिधिहरुमा युएनको समर्थन संलग्नता र अभिरुचि रहनु तथा युएनको संरचना र हाबी देशहरुको आन्तरिक सबाललाई प्रभावित गर्ने जघन्य घटना हुनुको कारण कामलाई अगाडि बढाउने र टुंगोमा पुर्‍याउने चुनौति रहनु स्वभाविक नै हुन्छ । यसकारण बाह्य निर्देशनका आशंकाहरुको आधार बन्दैन भन्ने त होइन तर, केही गर्नैपर्ने बाध्यात्मक स्थिति नै प्रमुख कारण हो भन्ने देखिन्छ । यसकारण आशंकाको रूपमा कलरफूल रिभोलुशनको कुरा उठ्नु गैरतार्किक छैन र भोलि त्यसैरूपमा प्रकट हुने छैन पनि भन्नै सकिँदैन । तर, आजको स्थितिमा वस्तुगतरूपमा त्यस्तो देखापर्दैन भन्न सकिन्छ । साथै, यो कार्य भ्रष्टाचारविरुद्ध एउटा क्रान्तिकारी कार्य हुनसक्छ तर, यसको औचित्य बुर्जुवा संवैधानिक सीमाभन्दा बाहिर खोज्नु पनि सम्भव छैन र उपयुक्त पनि ।

सर्वहारा समाजवादीहरुले प्राप्त गर्ने दुई वटा उपलब्धि सम्भव छन्- व्यापक जनदबाबसहित समर्थन र जनताको खबरदारीसँगै मनोबल उठाउने प्रयास । यसको दायरा संसदीय संवैधानिक सीमाभन्दा बाहिर पनि रहने हुँदा यसलाई फरक ढंगले महसुस गर्न र जिम्मेवार पहलकदमी लिन आवश्यक हुन्छ ।

## सामाजिक सञ्जाल



**- मोहना अन्सारी**

थारुले पहिचान खोजेका थिए जेल पाए, थारुले सम्मान खोजेका थिए जेल पाए, थारु अस्तित्वको लागि लडेका थिए जेल पाए, थारुले राज्य मेरो पनि हो भनेका थिए जेल पाए, इतिहास थारुको पनि लेखिने छ ।



**- चन्द्र श्रेष्ठ**

विकास, सुशासन र स्वतन्त्रताको नारा सत्ता बाहिर बसेर मात्रै हो लगाउने तर, सत्तामा पुगेपछि डमि बनाइँदो रहेछ भन्ने मन्त्रीहरुको आसय अझै बुझ्न सकिएन । यदि डमि नै बनाइँदो रहेछ भने नागरिक त्र्साउन मात्रै किन ठडिएर बस्नु त ? त्यागौं सत्ता एवम् भत्ता र प्रतिकारको लागि उत्रन सकौं ।



**- सरस्वती सुब्बा**

संसदमा महिला सांसदहरुले सारी/चोलो कोट पुरुष सांसदहरुले दौरासुरुवाल कोट, सटपाइन्ट लगाउनु आफैमा मर्यादित र आफूप्रति आफै अनुशासित हुनु हो । संसदमा हामी सांसदहरूलाई नागरिकले अमूल्य मतदिएर पठाएका कन्सर्ट चलाउन होइन । नीति निर्माण गर्न बनेका नीति कार्यनयन गर्न हो । प्रचारका लागि नाङ्गै नबसौं ।



**- सुजीत महत**

संसदमा ड्रेस कोड आवश्यकै होला । तर, यो ऐले किन आवश्यक ठहरियो भन्दा महिला सांसद (सुमना श्रेष्ठ)ले कोट-जिन्स लाएको एकथरिलाई पचेन, सञ्जालमा कराए, सभामुख तात्तिए । अँ पुरूष सांसदले कोट-जिन्स लाको भए आपत्तिजनक मानिन्थ्यो त ? दुःखको कुरा, एउटा आवश्यकै काम पनि एउटा विभेदबाटै सुरू भो !

# नेपालमा कम्युनिष्ट आन्दोलन

विचार



● **मुहम्मद मुस्तफा काबी अजहरी**

> *विभिन्न खालको शोषण, उत्पीडन र विभेदको अन्त्यका लागि कम्युनिष्ट आन्दोलनको उदय भएको हो । नेपालको सन्दर्भमा पनि कम्युनिष्ट आन्दोलनले यी मूलभूत उद्देश्यलाई सम्बोधन गर्ने प्रयास गरेको छ । तथापी, धेरै विषय अझै पनि कम्युनिष्ट आन्दोलनले पूरा गराउन सकेको छैन ।*

कम्युनिष्ट विचारधारालाई पछ्याउँदै नेपालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना २००६ वैशाख १० गते तद्नुरूप २२ अप्रिल १९४९ का दिन भएको थियो । पुष्पलाल श्रेष्ठको नेतृत्वमा निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहेर भारतको कोलकत्तामा यसको गठन भएको थियो । कम्युनिष्ट घोषणापत्र जारी भएको एक सय दुई वर्षपछि र सोभियत संघमा अक्टोबर क्रान्ति सम्पन्न भएको ३२ वर्षपछि नेपालमा कम्युनिस्ट आन्दोलनको संस्थागत सुरुवात भएको थियो । चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी क्रान्ति सफल हुनुभन्दा चार महिनाअघिको यस समयमै अंग्रेज उपनिवेशबाट छिमेकी भारत मुक्त बनिसकेको र नेपालीहरू एक सय चार वर्ष लामो जहानियाँ राणा शासनको निरंकुशताबाट मुक्त हुन खोजिरहेको बेलाको समय नेपालमा कम्युनिष्ट आन्दोलनका सुरुवात हुन पुगेको थियो ।

नेपालमा सुरुवातदेखि नै सबैभन्दा ठूलो जनमतको प्रतिनिधित्व गर्ने शक्ति कम्युनिष्ट बन्यो । स्थापनादेखि नै जनहित र जनअधिकारको रक्षाका लागि लड्ने शक्तिको रूपमा यो स्थापित छ । आज पनि देशभर हेर्दा, कम्युनिष्ट शक्ति सबैभन्दा ठूलो शक्तिको रूपमा रहेको देखिन्छ ।

जब युवा पिँढिले खानपान बन्द गरेर आमाबुवालाई अँध्यारो कोठामा थुनेर राखे, त्यो बेला ती बा-आमालाई पेन्सन दिएर जीवन दान दिने काम कम्युनिष्टबाटै भएको थियो । तत्कालिन नेकपा (एमाले)बाट यसको सुरुवात भएको थियो । तथ्यबाट यस आन्दोलनको महत्वको अनुमान लगाउन सकिन्छ । जातीय, वर्गीय, लैङ्गिक, धार्मिक, भौगोलिकलगायतका उत्पीडनलाई अन्त्य गर्नकै निम्ति कम्युनिष्ट पार्टीको उदय भएको कुरामा दुईमत छैन । हामी मुस्लिमहरुको हक र आधारभूत हितका लागि काम गर्ने कुनै शक्ति छ भने त्यो कम्युनिष्ट शक्ति मात्रै हो ।

आज पनि धेरै नेपाली युवाहरु बेरोजगारीको समस्यामा छन् । तिनीहरूलाई नागरिकताको समस्या पनि उस्तै छ । आज नागरिकता नभएकै कारण धेरै युवाहरु थुप्रै अवसरबाट बञ्चित छन् । यस्तोमा उनीहरुको हितलाई सम्बोधन गर्नु आवश्यक छ । यसको निकास कम्युनिष्ट शक्तिहरुबाट मात्रै हुनसक्छ ।

नेपाल जस्तो देश जहाँ लोकतन्त्रमाथि भरोसा गरिन्छ, जहाँ सबै जातजाति, धर्म समूदायको सम्मान गरिन्छ । यहाँ साम्प्रदायिकताको कुरा हुँदैन । यस्तो भावनाको निर्माणको पछि पनि कम्युनिष्ट बुझाई भेटिन्छ । नत्र भारतमा जस्तो साम्प्रदायिकताको सोंच नेपालमा विकास हुन्थ्यो । जुन विश्वले सिक्ने विषय हो ।

अन्त्यमा, विभिन्न खालको शोषण, उत्पीडन र विभेदको अन्त्यका लागि कम्युनिष्ट आन्दोलनको उदय भएको हो । नेपालको सन्दर्भमा पनि कम्युनिष्ट आन्दोलनले यी मूलभूत उद्देश्यलाई सम्बोधन गर्ने प्रयास गरेको छ । तथापी, धेरै विषय अझै पनि कम्युनिष्ट आन्दोलनले पूरा गराउन सकेको छैन । यसका कारण धेरै छन् । आफैंमा विभाजित हुनु पनि यसको एउटा समस्या हो । आज कम्युनिष्ट शक्तिहरु धेरै कित्तामा विभाजित छन् । विभाजनको यो श्रृंखलालाई रोक्नु अनिवार्य छ । विभिन्न कित्तामा विभाजित यो आन्दोलनलाई एकाकार गराउनु आवश्यक छ । जनताका एजेण्डाका आधारमा कम्युनिष्ट आन्दोलनका मुख्य शक्तिहरुले एकताको अभियान चलाउनु आवश्यक देखिन्छ । जनताको यति ठूलो विश्वास र सम्मानलाई यी शक्तिहरुले बुझ्नु आवश्यक छ ।

**(अजहरी, हाल इजिप्टमा छन् ।)**

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | जोखिम लिनु हुँदैन । दाम्पत्य जीवन समझदारी ढंगबाट अगाडि बढ्नेछ । |
| वृष | : | नाता गोतासित भेट हुनेछ । आयमा वृद्धि हुने योग छ । |
| मिथुन | : | सामाजिक सहयोग बढ्नेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कर्कट | : | दैनिक जीवन सुखी रहनेछ । लेनदेनमा सावधानी राख्नुपर्छ । |
| सिंह | : | पारिवारिक खुशी प्राप्त हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । |
| कन्या | : | साहसी कार्य सफल हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| तुला | : | राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । मनोबल उच्च रहनेछ । |
| वृश्चिक | : | काम बन्ने योग देखिन्छ । प्रतिस्पर्धीमाथि विजय प्राप्त हुनेछ । |
| धनु | : | कुनै पनि कार्यमा हतार नगर्नु होला । वाहन सावधानी राख्नुहोला । |
| मकर | : | धार्मिक कार्यमा सहभागिता बढ्नेछ । प्रभावमा वृद्धि हुनेछ । |
| कुम्भ | : | सम्पर्कमा वृद्धि हुनेछ । पुराना काम सफल हुनेछन् । |
| मीन | : | स्वास्थ्यमाथि ध्यान दिनुहोला । कार्य सफल हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पूर्वराष्ट्रपति सार्कोजीलाई तीन वर्षको जेल सजाय



**काठमाडौं/एजेन्सी–** भ्रष्टाचारमा दोषी ठहरिएका फ्रान्सका पूर्वराष्ट्रपति निकोलस सार्कोजीलाई तीन वर्षको जेल सजाय सुनाइएको छ। फ्रान्सको एक पुनरावेदन अदालतले तल्लो अदालतले गरेको निर्णयलाई सदर गर्दै सार्कोजीलाई काराबासको सजाय सुनाएको हो। हतकडीसहित उनलाई अब एक वर्ष निजकै घरमा राखिनेछ भने सार्वजनिक पदमा तीन वर्षसम्म प्रतिबन्ध लगाइएको छ।

पूर्वराष्ट्रपति सार्कोजीले आफूविरुद्धको मुद्दालाई आफ्नो पक्षमा पार्न न्यायाधीश तथा आफूमाथि लागेको भ्रष्टाचार अभियोगलाई कमजोर पार्न दबाब र प्रभावको हतियार प्रयोग गरेका थिए। पुनरावेदन अदालतको आदेश सुनेर बिना कुनै टिप्पणी ६८ वर्षीय सार्कोजी न्यायालयबाट बाहिरिएका थिए। उनका वकिलहरूले पुनरावेदन अदालतको निर्णयविरुद्ध सर्वोच्च अदालतमा अपील गरिने बताएका छन्।

सन् २००७ देखि २०१२ सम्म राष्ट्रपति रहेका सार्कोजी पदबाट बाहिरिने बित्तिकै कानूनी झमेलामा फसेका थिए। मार्च २०२१ मा उनी र उनका वकिल थियरी हर्जोगले भ्रष्टाचारलगायत कानूनी अनुसन्धानबारे जानकारी प्राप्त गर्न न्यायाधीश गिल्बर्ट अजिबर्टसँग सम्झौताको प्रयास गरेपछि उनको भ्रष्ट नियत छताछुल्ल भएको थियो। दोस्रो विश्वयुद्धपछि जेल सजाय भोग्ने उनी पहिलो पूर्वराष्ट्रपति भएका छन्।

# ‘चीन र इरानमा धार्मिक स्वतन्त्रताको अधिक उल्लंघन’

**काठमाडौं/एजेन्सी–** चीन र इरानमा धार्मिक स्वतन्त्रताको अधिक उल्लंघन भएको आरोप धार्मिक स्वतन्त्रतासम्बन्धी एक अमेरिकी प्रतिवेदनमा लगाइएको छ। अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विश्वका सबै देशको गत वर्षको धार्मिक स्वतन्त्रतासम्बन्धी वार्षिक प्रतिवेदनमा चीन र इरानले आफ्ना नागरिकलाई धार्मिक स्वतन्त्रता पूर्णरुपमा उपभोग गर्न नदिएकामा चिन्ता व्यक्त गरिएको छ।

प्रतिवेदन सार्वजनिक गर्दै विदेशमन्त्री एन्टोनी ब्लिन्केनले संसारका धेरै देश दमनमा उत्रिएका तथा उनीहरूले आफ्ना नागरिकलाई त्रसित तुल्याएका, विश्वका धेरै भागका सरकारले यातना, कुटपीट, गैरकानूनी निगरानी, तथाकथित पुनःशिक्षा शिविरलगायत उपाय गरेर अल्पसंख्यक लक्षित दमनलाई जारी राखेको बताए।

चीनको सिनजियाङ प्रान्तमा अल्पसङ्ख्यक मुस्लिम उइघुरमाथि दुर्व्यवहार गरिएको, धार्मिक आस्थाविरुद्ध अभियान चलाइएको, उनीहरूको मानवअधिकारको सम्मान एवम् संरक्षण नभएको, सबै धार्मिक गतिविधिलाई चिनियाँ कम्युनिष्ट पार्टीको नियन्त्रणमा ल्याउने प्रयास गरिएको तथा त्यस क्रममा दश हजारभन्दा बढीलाई जेल हालेको आरोप प्रतिवेदनमा लगाइएको छ। यसअघि पनि अमेरिकाले उइघुर मुद्दालाई लिएर चीनको कटु आलोचना गरेको थियो।

धार्मिक स्वतन्त्रतासम्बन्धी सन् २०२२ को वार्षिक प्रतिवेदनमा उइघुरमाथिको उत्पीडन जारी रहेको, तिब्बती बुद्धधर्मको अभ्यास गर्नेमाथि सरकार असहिष्णु भएको, तिब्बतका केही भिक्षु-भिक्षुणीलाई दुर्व्यवहार गरिएको, केहीलाई लामो समयसम्म हिरासतमा राखिएको आरोप पनि लगाइएको छ। अमेरिकी विदेश मन्त्रालयको उक्त प्रतिवेदनको खण्डन गर्दै चीनले सिनजियाङमा आतंकवादविरोधी गतिविधि रोक्ने प्रयास भएको बताएको छ।

महिलाले अनिवार्यरुपमा शिर ढाक्नैपर्नेलगायत कठोर कानूनी व्यवस्थाले इरानीहरूको धार्मिक स्वतन्त्रता हनन भएको उल्लेख गर्दै प्रतिवेदनमा हिजाब नलाएकी एक किशोरीको धार्मिक प्रहरी हिरासतमा मृत्युभएपछि भड्किएको विरोध प्रदर्शनले उग्र रुप लिएको विषयसमेत समेटिएको छ।

उपयुक्त ढंगले शिर नछोपेकी मासा अमिनीको मृत्युलाई ‘हत्या’ भन्दै जारी शान्तिपूर्ण विरोध प्रदर्शनमा राज्यले गरेको दमन, मानवाधिकार उल्लंघन, युक्रेन युद्ध र त्यसको छायामा भएका व्यक्तिका धार्मिक स्वतन्त्रता उल्लंघन, बेल्जियमदेखि ब्राजिलसम्मका मानवअधिकार हनन तथा धार्मिक स्वतन्त्राविरुद्धका घटना प्रतिवेदनमा समावेश गरिएका छन्।

**रोयल हेल्थ पोलिक्लिनिक प्राइभेट लिमिटेडलाई**
**रोयल हेल्थ पोलिक्लिनिक खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/५/३० मा दर्ता भएको प्रा.लि.नं. २४१९४५/०७७/०७८ रहेको रोयल हेल्थ पोलिक्लिनिक प्राइभेट लिमिटेड, ल.पु.जि.ल.पु.म.न.पा. वडा नं. १७ को मिति २०८०/२/२ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ। तसर्थ कम्पनीले तिर्ने व्होर्नो पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसंग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गर्न बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरुलाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्होरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

लिक्वीडेटर कार्यालय
नाम: खेमराज न्यौपाने, ठेगाना: पुतलीसडक, काठमाडौं, मोबाईल: ९८१०९२७६९

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०४**

डि.एच. सप्लायर्स प्रा.लि.को मिति २०८०/०१/३० मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्होर्नु पर्ने कर, दायित्व सबै परिवर्तित नामको कम्पनीले सकारे व्होर्ने शर्तमा साबिक नाम परिवर्तन गरी डि.एच. सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २६५२३३) कायम गर्ने गरी मिति २०८०/०२/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगार** | कम्पनी: THE JUN INFINITY KOREA SDN BHD — शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७९/१२/१७ चलानी नं.: ६०१९९१८७ LT. No.: 283676 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

EMINENCE Recruitment International Pvt Ltd — Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370, 9803193977. Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com

**साउदीमा रोजगार** | १. कम्पनी: ADVANCED TECH SOLUTIONS CONT. CO. — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५४९ L.T. No.: 286141

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL HERQEL EST. FOR CONTRACTING — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५४७ L.T. No.: 286144

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asphalting Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Worker | 8 | 0 | | 1000 | ३५,००० | | | | | | | |
| 3. | Demolition Worker | 8 | 0 | | 1000 | ३५,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

मदरल्याण्ड ओभरसिज प्रा. लि. — श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Tokha 07, Horizon Apartment Gate no. 02, Ph.: 01-4361111, 4366318, Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com

**साउदीमा रोजगार** | १ कम्पनी: SHAWARMA HOUSE RESTUARANT COMPANY TO SERVE MEALS ONE PERSON COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०८/२१ चलानी नं.: ६०१९२८८६ L.T. No.:277191 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SOLA FLOWER GIFTS EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/११/२३ चलानी नं.: ६०१९७६७२ L.T. No.: 281846 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Flower And Plant Seller | 1 | 0 | स. काममा दक्ष | 1600 | ५६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: SHAWARMA HOUSE RESTUARANT COMPANY TO SERVE MEALS ONE PERSON COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०८/२१ चलानी नं.: ६०१९२८८७ L.T. No.:277271 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 17 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: YASSER SAEED MOHAMMED AL-GHAMDI FACTORY FOR INDUSTRY — शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०७८/०९/१८ चलानी नं.: ६०१७१८३१ L.T. No.:255406 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL LABOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: MOHAMMED THEEB AL-GHRAIMIL FACTORY FOR INDUSTRY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/३१ चलानी नं.: ६०१६२०८७ L.T. No.:243848 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Labour | 14 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: JOUNA AL BARAKA TRADING COMPANY — शहर: ABHA
पूर्व स्वीकृत मिति: २०८०/०२/०२ चलानी नं.: ६०२०१५२९ L.T. No.:286023

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: CARS WORLD TRADING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०२/०२ चलानी नं.: ६०२०१५३३ L.T. No.:285715

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Insulator Installation Technician | 1 | 0 | स. काममा दक्ष | 2500 | ८७,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि. — श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**
१. कम्पनी: WESTERN TASTE CAFE TO SERVE DRINKS — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/११/०२ चलानी नं.: ६०१९६४८८ L.T. No.:280993 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 7 | 0 | स. काममा दक्ष | 1200 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ABDUL MOHSEN MOHAMMED AL GHANIM SONS.CO. FOR READY MIX CONCRETE. — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/०९/१५ चलानी नं.: ६०१९४९१४ L.T. No.:278662 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 7 | 0 | | 1000 | ३५,००० | | | | | | | |

३. कम्पनी: ROAD MACHINERY CORPORATION FOR EQUIPMENT RENTAL — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७९/१२/२६ चलानी नं.: ६०१९९७५० L.T. No.: 284316 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

कसमस नेपाल ह्युमन रिसोर्स प्रा.लि. — श्रम ईजाजत नं: ७३३/०६४/०६५
लाजिम्पाट, गरिमा विकास बैंकको पछाडी, काठमाडौं, फोन नं: ०१-४४४५७९३/४४४५७९४

**KUWAIT मा रोजगार** | कम्पनी: AMY ELITE BEAUTY SALON COMPANY — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५३८ L.T. No.: 286070

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | स. काममा दक्ष | 160 | ६८,४३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

Destiny Human Resource Nepal Pvt. Ltd. — DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Fax : 4111890 Mobile No: 9823599811

**कतारमा रोजगार** | कम्पनी: NEW IMAGE BUILDING SERVICES GULF STATES LLC — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०६/०१ चलानी नं.: ६०१८७८८४ LT. No.:272117 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 4 | 0 | | 1000 | ३६,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

डायना ओभरसिज प्रा. लि. — श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

**मलेसियामा रोजगार** | १. कम्पनी : CP PRINTERY SDN.BHD. — शहर : SELANGOR
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५२६ LT. No.: 286109

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

Chandra Kamana Manpower Pvt. Ltd. — Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**साउदीमा रोजगार** | कम्पनी: ARAB HOME GROUP COMPANY LTD — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०९/०६ चलानी नं.: ६०१७०९६४ L.T. No.:253356 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Baldiya | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ARAB HOME GROUP COMPANY LTD — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०९/२० चलानी नं.: ६०१७२०१२ L.T. No.: 255324 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Baldiya | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ARAB HOME GROUP COMPANY LTD — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०७८/०६/२० चलानी नं.: ६०१६४९३८ L.T. No.: 247917 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Baldiya | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि. — श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल। फोन नं: ०१-५३८२५९०
शाखा कार्यालय: सृजनाचोक, पोखरा। सम्पर्क :०६१-५७१५६३, ९८२९१४३८०१

**मलेसियामा रोजगार** | कम्पनी : SETIAFOOD ASIA SDN BHD — शहर: Malaysia,PETALING JAYA
पूर्व स्वीकृत मिति: २०७९/०४/२४ चलानी नं.: ६०१८४९८४ LT. No.: 269129 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Sector | 75 | 0 | स. काममा दक्ष | 1500 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

A.S. International Group Pvt. ltd. — Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com

**बहराइनमा रोजगार** | कम्पनी : ASCON CONTROL W.L.L शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५४५ L.T. No.: 286101

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Helper | 25 | 0 | स. काममा दक्ष | 100 | ३४,८१२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

**साउदीमा रोजगार** | कम्पनी: THE DELICIOUS SPOON EST FOR MEALS SERVING — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८०/०२/०३ चलानी नं.: ६०२०१५४६ L.T. No.:286009

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1100 | ३८,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

Al Taaz International Pvt. Ltd. — Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

**मलेसियामा रोजगारको अवसर**
कम्पनी: LUCKY PALACE RESTAURANT SDN BHD — शहर: SEREMBAN
पूर्व स्वीकृत मिति: २०७९/०३/१८ चलानी नं.: ६०१८२४१० L.T. No.: 266342 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 11 | 0 | स. काममा दक्ष | 1500 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366/4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**साउदीमा रोजगार** | कम्पनी : MERSAM RECONSTRUCTION CONTRACTING EST. — शहर: KSA
पूर्व स्वीकृत मिति: २०७९/०८/०६ चलानी नं.: ६०१९१७०० LT. No.: 276317 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

बेबी एन्जल इन्टरनेशनल प्रा. लि. — श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

**साउदीमा रोजगार** | कम्पनी : SAUDI COMPANY FOR ELECTRICAL AND MECHANICAL WORKS — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१६१७ LT. No.:265853 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SAUDI SERVICES FOR ELECTRO MECHANIC WORKS CO.LTD. — शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६०० LT. No.:279022 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laboure | 32 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Saudi Services for Electro Mechanic Works Co.Ltd. — शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६०३ LT. No.:279021 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labor | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gypsum Labour | 1 | 0 | | 1000 | ३५,००० | | | | | | | |
| 3. | Heavy Truck Driver | 10 | 0 | | 1800 | ६३,००० | | | | | | | |
| 4. | Pickup Driver | 5 | 0 | | 1800 | ६३,००० | | | | | | | |
| 5. | Steel Labour | 20 | 0 | | 1000 | ३५,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ।

बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि. — Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com

# बक्स अफिस समाचार

## दीलिपकी छोरी दिव्या फिल्ममा डेब्यू गर्दै



**काठमाडौं/मस–** अभिनेता दीलिप रायमाझीकी छोरी दिव्या रायमाझीले नेपाली फिल्ममा डेब्यू गर्ने भएकी छिन् । दिव्याले सुरेन्द्र पौडेलको निर्देशन तथा रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्म 'वरिष्ठ बलराम'बाट डेब्यू गर्न लागेकी हुन् ।

उनी लामो समयदेखि अमेरिकामा बस्दै आएकी छिन् । फिल्म 'वरिष्ठ बलराम'का लागि नै उनी केही समयका लागि नेपाल आउँदैछिन् । मे महिनाको अन्तिममा उनले फिल्मका निर्माण पक्षसँग कागजी सम्झौता गर्ने कार्यक्रम रहेको छ ।

फिल्ममा दिव्याले अभिनेता खगेन्द्र लामिछानेसँग स्क्रिन सेयर गर्नेछिन् । फिल्मको पटकथा खगेन्द्र स्वयंले तयार पारेका हुन् । यो फिल्मका लागि निर्माण टिमले दिव्यालाई १० लाख रुपैयाँ पारिश्रमिक दिँदैछ ।

फिल्मका निर्माता अधिकारीले दिव्यालाई १० लाख रुपैयाँ पारिश्रमिक दिन लागिएको जानकारी दिए । दिव्या अमेरिकामा रहेर राम्रो आम्दानी गर्ने र नेपाल आउँदा उनको समय खर्च हुने हुँदा सबै कुरालाई मध्यनजर गर्दै दिव्यालाई १० लाख रुपैयाँ पारिश्रमिक दिन लागिएको निर्माता अधिकारी बताउँछन् ।

'इन्फो टिच प्रोजेक्ट म्यानेजमेन्ट'मा मास्टर्स पूरा गरेकी दिव्या अमेरिकामा आइटी क्षेत्रमा काम गरिरहेकी छिन् । 'वरिष्ठ बलराम'को टिम र आफ्नो चरित्र मन परेपछि भने उनी काम गर्न तयार भएकी हुन् । दिव्याले नेपालमा आएर अभिनय, डान्स लगायतको कोर्स समेत गर्ने बताइएको छ ।

## दाङमा 'राष्ट्रिय बाल चलचित्र महोत्सव' हुने




**काठमाडौं/मस–** चलचित्र विकास बोर्डले प्रथम राष्ट्रिय बाल चलचित्र महोत्सव आगामी असार १, २ र ३ गते दाङमा आयोजना गर्ने भएको छ । मंगलवार बसेको बोर्ड बैठकले सो निर्णय गरेको बोर्ड सदस्य रवि अधिकारीले जानकारी दिए ।

महोत्सवमा बालबालिकासँग सम्बन्धित लामा तथा छोटा शिक्षामूलक चलचित्रको प्रदर्शनी हुनेछ । साथै, चलचित्र ज्ञानसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता, पुस्तक प्रदर्शनी एवम् फोटो प्रदर्शनी तथा चलचित्र नृत्य प्रतियोगितासमेत हुनेछ ।

'बालबालिका माझ चलचित्रको माध्यमबाट शिक्षा र संस्कृतिलाई अगाडि बढाउने, बालबालिकालाई चलचित्रको अभ्यास गराउने, बाल चलचित्र क्लब गठन तथा सञ्चालनमा प्रोत्साहन गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल चलचित्र महोत्सवमा नेपालका बालबालिका तथा उनीहरुले बनाएका चलचित्र सहभागी गराउन मद्दत पुर्‍याउने उद्देश्यसहित महोत्सव आयोजना गर्न लागिएको हो,' सदस्य अधिकारीले भने ।

महोत्सवको दौरान 'बालबालिकासँग भुवन केसी' खण्ड आयोजना हुनेछ । जहाँ स्थानीय झाँकी र सांस्कृतिक प्रदर्शनीसहित बोर्ड अध्यक्ष तथा विशिष्ट अभिनेता केसीको परिचयात्मक श्रव्यदृश्य सामग्रीसमेत प्रदर्शन हुने सदस्य अधिकारीले जानकारी दिए ।


**CYPRUS मा रोजगार** | १. कम्पनी: E.ZAVRI EMPLOYMENT AGENCY LTD. शहर: NICOSIA

पूर्व स्वीकृत मिति: २०७८/१२/०८ चलानी नं.: ६०१७४३६६ L.T. No.: 260118 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 3 | स. काममा दक्ष | 314 | ४४,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: CY EMPLOYMENT शहर: PAPHOS

पूर्व स्वीकृत मिति: २०७९/०७/०६ चलानी नं.: ६०१८९८८६ L.T. No.: 274218 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 7 | स. काममा दक्ष | 314 | ४४,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ ११ गते (25 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

